// # नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, चैत १८ गते २०३४ साल [अतिरिक्ताङ्क ६०

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले समुद्रपार निकासी वा पैठारी गर्दा देहायका वस्तुहरू बाहेक अन्य वस्तुहरूको लागि इजाजत-पत्र लिनु पर्ने गरी आजैका मितिदेखि नियन्त्रण गरेको छ ।

क) निकासी तर्फ

१. हस्तकलाका वस्तुहरू
२. ऊनबाट बनेका वस्तुहरू (गलैंचा बाहेक)
३. जूट बैग

ख) पैठारी तर्फ

१. सिमेन्ट
२. कर्कट पाता
३. फलाम र इस्पातबाट बनेका एँगल, च्यानेल, प्लेट स्ट्रीप र हार्डवेयर
४. तामा पित्तल र अन्य धातु
५. औद्योगिक मेशिनरी र त्यसको पार्टपूर्जा
६. मलखाद ।

आज्ञाले–
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

625

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले स्वीकृति दिएमा बाहेक देहायका वस्तुहरू नेपाल अधिराज्यबाट निकासी गर्न आजैका मितिदेखि मनाही गरेकोले यो आदेश जारी गरिएको छ ।

१. सबै देशहरूमा निकासी हुनेमा

पुरातात्वीक तथा धार्मिक महत्वका वस्तुहरूः–

१. विदेशी तथा स्वदेशी पुरातात्वीक महत्वका सिक्काहरू
२. देव देवताको मूर्ति, ताडपत्र, भुजापत्र
३. ऐतिहासिक महत्वका पौवाहा

मूल्यवान धातु तथा जवाहरात (भारी झिंटी गुण्टा नियममा परेका बाहेक):–

१. सुन, चाँदी, सुन चाँदीका सिक्काहरू र सुन चाँदी जडाउ गहनाहरू
२. हीरा जवाहरात र हीरा जवाहरात जडाउ गहनाहरू

वन्यजन्तु संरक्षणसम्बन्धी वस्तुहरूः–

१. जंगली जीवजन्तु (अर्ना, बाँदर, पाण्डा, कोकर्पा, हाँब्रे, रातो बिरालु, गैंडा, कस्तुरी, मृग आदि)
२. जंगली जीवजन्तुको पित्त लगायत तिनका शरीरको कुनै पनि अंग भाग
३. कस्तूरी

मादक पदार्थहरूः–

गाँजा, अफिम, चरेस (सिंगल कन्भेन्स अन नारकोटिक्स ड्रग १९६१ मा परिभाषा गरिएको बमोजिम)

औद्योगिक महत्वका वस्तुहरूः–

१. विष्फोटक पदार्थ र ऐलाई चाहिने फ्यूज वा फ्यूजका लागि बनाइएको सामानहरू
२. जंगी खरखजाना तयारीको लागि चाहिने केमिकलहरू

कच्चा पदार्थहरू :–

१. काँचो छाला
२. कच्चा ऊन
३. सबाई घाँस
४. तामा, पित्तल, काँस, ढलौट आदि धातुका पत्रहरू ।

२. भारतमा मात्र निकासी हुनेमा :–

(भारी झिंटी गुण्टा नियममा परेका बाहेक)

भारत बाहेक अन्य देशहरूबाट पैठारी भएका सबै वस्तुहरू ।

आज्ञाले–

ईश्वरीलाल श्रेष्ठ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

620

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले स्वीकृति दिएमा बाहेक देहायका वस्तुहरू नेपाल अधिराज्यभित्र पैठारी गर्न आजैका मितिदेखि मनाही गरेकोले यो आदेश जारी गरिएको छ।

<u>सबै देशहरूबाट पैठारी हुनेमा</u>

औद्योगिक तयारी वस्तुहरू:–

१. बिडी
२. चुरोट (नेपालमा उत्पादन हुने स्तरको मात्र)
३. सलाई

स्वास्थ्यलाई हानी गर्ने वस्तुहरू:–

१. अफिम, मर्फिया जस्ता लागू पदार्थहरू
२. ६० प्रतिशतभन्दा बढी अल्कोहल भएको मदीराहरू

हात हतियार र विष्फोटक पदार्थहरू:–

१. खर खजाना बनाउन चाहिने आवश्यक केमिकलहरू
२. बन्दूकहरू र ऐका गोलीहरू
३. कागज बाहेकको केप

सम्बादवाहक यन्त्रहरू:–

१. वायरलेस र माइक्रोवेभ
२. वाकिटकी

मूल्यवान धातु तथा जवाहरात:–

(धारी झिटी गुण्टा नियममा परेको बाहेक)

१. सुन, चाँदी, सुन चाँदीका सिक्काहरू र सुन चाँदी जडाउ गहनाहरू
२. हीरा जवाहरात र हीरा जवाहरात जडाउ गहनाहरू।

आज्ञाले–
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

629

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।